वर्ष ८, अंक ३
फाल्गुण/चैत्र २०७३, March 2017

# ICAN Newsletter

## नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको खबरपत्र

### अध्यक्षको मन्तव्य



प्रिय मित्रहरु,
माघ महिना हाम्रो लागि ऐतिहासिक र महत्वपूर्ण महिना रहिआएको कुरा जानकारीकै विषय हो। यही महिनामा संस्था स्थापना भएको थियो भने विभिन्न आरोह अवरोह पार गर्दै संस्थाले दुई दशक पार गरेको छ। यसै अवसरमा संस्थालाई यस अवस्थासम्म ल्याउन अग्रजहरूले पुऱ्याएको योगदानको लागि वहाँहरू प्रति सम्मान व्यक्त गर्दछौं। संस्थाले यस त्रैमासिकमा गरेको महत्वपूर्ण उपलब्धीहरूलाई यहाँहरू समक्ष प्रस्तुत गर्न चाहन्छु।

### संस्थागत विकास

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले १७ माघ २०७३ मा संस्थाको २० औं वार्षिक उत्सव काठमाडौंमा भव्यताकासाथ मनायो। प्रमुख अतिथि कार्यबाहक महालेखापरीक्षक श्री सुकदेव भट्टराई खत्री रहनुभएको कार्यक्रममा संस्थाका पूर्व अध्यक्षहरू, विद्यमान काउन्सिलका अध्यक्ष, उपाध्यक्ष लगायत अन्य सदस्यहरू, समिति सदस्यहरूका साथै संस्थाका पूर्व पदाधिकारीहरू र कर्मचारीहरूको उपस्थिति रहेको थियो।

संस्थाको अध्यक्षको हैसियतमा संस्थाले अघिल्लो आर्थिक वर्षमा गरेका कार्यहरूको वार्षिक प्रतिवेदन तथा आगामी वर्षमा संचालन गरिने प्रमूख कार्यहरूको संक्षिप्त विवरण प्रस्तुत गरेको थिएँ।

कार्यक्रममा संस्थाका तेश्रो परिषद्का अध्यक्षहरूलाई संस्थामा पुऱ्याएको योगदानको कदर स्वरूप सम्मानपत्र सहित दोसल्ला ओढाई सम्मानित गरिएको थियो।

कार्यक्रमका प्रमुख अतिथिले डिसेम्वर २०१५ र जून २०१६ को चार्टर्ड एकाउन्टेन्सी परीक्षाको विभिन्न तहमा उत्कृष्ट नतिजा प्राप्त गर्ने विद्यार्थीहरूलाई पदक तथा प्रमाणपत्र प्रदान गर्नुभएको थियो।

संस्थामा उत्कृष्ट रूपमा काम गर्ने कर्मचारीहरूलाई उल्लेखनीय कार्य गरे वापत नगद तथा प्रमाणपत्र प्रदान गरिएको थियो। यसवाट कर्मचारीको काम गर्ने हौसलामा अभिबृद्धि हुनेमा मैले विश्वास गरेको छु।

संस्थाको नियमित कार्यसंचालनको लागि अर्को व्यवस्था नभएसम्मका लागि २०७४ बैशाख १ देखि लागुहुने गरी संस्थाका सह निर्देशक श्री विनोद प्रसाद न्यौपानेलाई निमित्त कार्यकारी निर्देशक तोकेको व्यहोरा जानकारी गराउन चाहन्छु।

### शिक्षा तथा विद्यार्थी कृयाकलाप

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूको समुपस्थितिमा संस्थाले २०७३ माघ १८ मा नेपाल प्रज्ञा प्रतिष्ठान काठमाडौंमा संस्थाबाट चार्टर्ड एकाउन्टेन्टको योग्यता प्राप्त गर्नेहरूलाई संस्थाको इतिहासमा पहिलो पटक चार्टर्ड एकाउन्टेन्टहरूको दीक्षान्त समारोहको आयोजना गरी दीक्षित गरिएको बारेमा जानकारी गराउन पाँउदा गर्वको महशुस गरेको छु। सो समारोहमा संस्थामा अध्ययन गरी चार्टर्ड एकाउन्टेन्टको योग्यता प्राप्त गर्नेहरूलाई चार्टर्ड एकाउन्टेन्टको डिग्री प्रदान गरिएको थियो। संस्थाबाट स्थापनाकाल देखि हालसम्म योग्यता प्राप्त ३१९ चार्टर्ड एकाउन्टेन्टहरू मध्ये १३४ जनालाई उक्त दीक्षान्त समारोहमा दीक्षित गरियो।

यस ऐतिहासिक समारोहले संस्थाका सदस्यहरूलाई संस्थासंग अझ निकट बनाउन मद्दत पुग्ने आशा लिएको छु। यसले संस्थामा अध्ययनरत विद्यार्थीहरूलाई

### Credit Crunch सम्बन्धी अन्तरक्रिया

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको Contemporary Issues Discussion Committees ले २०७४ बैशाख ४ गते आधा दिनको Credit Crunch सम्बन्धी अन्तरक्रिया कार्यक्रम संचालन गऱ्यो। उक्त कार्यक्रममा हाल बैकिङ्ग क्षेत्रले भोगेको तरलताका समस्याका सम्बन्धमा अन्तरक्रिया गरिएको थियो।




संस्थाका उपाध्यक्ष सिए. प्रकाशजंग थापा कार्यक्रममा सम्बोधन गर्नुहुँदै।

कार्यक्रममा सहभागीहरूलाई संस्थाका उपाध्यक्ष सिए. प्रकाशजंग थापाले स्वागत मन्तव्य सहित कार्यक्रमको औपचारिक शुरूआत गर्नुभएको थियो। कार्यक्रममा जम्मा ६७ जनाले भाग लिनुभएको थियो। कार्यक्रमका सभापति, टिप्पणीकार र पेपर प्रस्तोता को विवरण निम्न अनुसार रहेको थियो।

| Chairperson | Commentator | Paper Presenter |
|---|---|---|
| CA. Maheshwor Lal Shrestha, ED, NRB | Mr. Bhuvan Dahal, CEO, Sanima Bank Ltd | CA. Bhupendra Pandey, Deputy CEO, RBB |

निवर्तमान अध्यक्ष सिए. प्रकाश लम्सालले कार्यक्रमको समापन गर्दै सहभागी सवैलाई धन्यवाद दिनुभएको थियो।

### आरए सदस्य क्षमता अभिबृद्धि तालिम

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको आरए. सदस्य क्षमता विकास समितिले आरए सदस्यहरूको क्षमता अभिबृद्धिको लागि २०७३ फाल्गुण १४ र १५ गते Auditing System सम्बन्धी दुई दिनको तालिम कार्यक्रम सचालन गरेको थियो। उक्त तालिम कार्यक्रममा ४८ जना आरए सदस्यहरूको सहभागिता रहेको थियो।




आरए. क्षमता अभिबृद्धि तालिम कार्यक्रमको पुस्तक विमोचन गर्दै संस्थाका अध्यक्ष सिए. महेश खनाल।

हौसला प्रदान गर्नुको साथै अभिभावक तथा सरोकारवालाहरूलाई सिए शिक्षाको सम्बन्धमा जनचेतना जगाउने विश्वास लिएको छु।

अध्यक्षको हैसियतले म संस्थाका पार्षद् मित्रहरू, पूर्व अध्यक्षज्यूहरू, सम्पूर्ण कर्मचारी मित्रहरू र विद्यार्थीहरूलाई समारोह सफल पार्न सहयोग पुऱ्याउनुभएकोमा धन्यवाद दिन चाहन्छु।

## सदस्य सेवा तथा व्यावसायिक विकास विभाग

यस त्रैमासिक अवधिमा सदस्य तथा व्यावसायिक विकास विभागका कृयाकलापहरू बारेमा सदस्यहरूलाई जानकारी गराउन पाँउदा मलाई खुसी लागेको छ। यस अवधिमा संस्थाले विभिन्न क्षेत्रमा कार्यरत सदस्यहरूको क्षमता अभिबृद्धिका साथै सरोकारवालाहरूसंगको सम्बन्ध सुदृढ पार्नको लागि विभिन्न कार्यशाला गोष्ठी, छलफल कार्यक्रम, सेमिनार आयोजना गरिएको जानकारी गराउन चाहन्छु।

बैंकिङ्ग क्षेत्रमा देखिएको मौद्रिक तरलताको अवस्थालाई ध्यानमा राखी संस्थाले २०७३ चैत्र ०४ मा Credit Crunch Current Scenario in Banking Industry विषय उपर सेमिनार आयोजना गरेको व्यहोरा जानकारी गराउन चाहन्छु।

२०७३ माघ २५ मा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका पदाधिकारीहरू तथा डेभलपमेन्ट बैंकर्श एसोसिएसनका अधिकारीहरूबीच विकास बैंकहरूमा यसै वर्षदेखि लागु भएको NFRS को स्थितिका सम्बन्धमा बैठक बसेको र विकास बैंकमा NFRS लागु गर्दा देखिएका अवसर र चुनौतिका सम्बन्धमा बिस्तृत छलफल भएको समेत जानकारी गराउन चाहन्छु।

लेखा तथा लेखाव्यवसायको विकासको निमित्त संस्था सधैनै प्रयत्नशील रहेको जानकारी गराउँदछु। यस क्षेत्रको विकासको अवस्थालाई मनन गरी नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था र पोखरा विश्वविद्यालय व्यवस्थापन संकायको संयुक्त आयोजनामा काठमाडौंमा २०७३ माघ ०३ र ०४ मा लेखामान, लेखापरीक्षणमान र कर सम्बन्धी दुई दिनको कार्यशाला गोष्ठी आयोजना गरिएको थियो।

संस्थाले राष्ट्रिय हितलाई दृष्टीगत गरी मुलुकको आर्थिक विकासको लागि सधैनै कृयाशील रहदै आएको छ। यसै सन्दर्भमा संस्थाले काठमाडौंमा २०७३ माघ १७ मा संस्थाको २० औं वार्षिक उत्सवको अवसरमा **Accountability for Nation Building** विषय उपर सम्मेलनको आयोजना गरेको जानकारी गराउन चाहन्छु। सम्मेलन Implementation of Nepal Public Sector Accounting Standards (NPSAS) & Role of ICAN, Role and Responsibility of Quality Assurance Board, Impact of Demonetization of Indian Currencies in Nepal and BAFIA in Current Perspectives विषयहरूमाथि केन्द्रित रहेको थियो।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था र डेभलपमेन्ट बैंकर्श एसोसिएसन नेपालको संयुक्त आयोजनामा २०७३ फाल्गुण ११ मा काठमाडौंमा NFRS Implementation and its Challenges नामक कार्यशाला गोष्ठीको संचालन गरिएको थियो।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको आरए. सदस्य क्षमता विकास समितिले आरए सदस्यहरूको क्षमता अभिबृद्धि गर्न २०७३ फाल्गुण १४ र १५ मा लेखापरीक्षण प्रणाली (Auditing System) सम्बन्धी दुई दिवशीय तालिम कार्यक्रम सचालन गरेको जानकारी गराउन चाहन्छु।

## अन्तर्राष्ट्रिय गतिविधि

संस्थाको प्रतिनिधित्व गर्दै संस्थाको ६ सदस्यीय टोलिले The Institute of Chartered Accountants of Bangladesh ले आयोजना गरेको साफा कमिटि, साफा बोर्ड तथा साफा स्तरीय क्षेत्रीय सम्मेलन २०१७ मा भाग लिएको व्यहोरा जानकारी गराउन चाहन्छु।

अन्तमा, आगामी नयाँ वर्ष वि.सं २०७४ को शुभ उपलक्षमा संस्थाका सम्पूर्ण सदस्य, सरोकारवाला, विद्यार्थीहरू, संस्थाका कर्मचारीहरू लगायत वहाँहरूको परिवारजनलाई शुभकामना व्यक्त गर्दछु।

धन्यवाद।

सिए. महेश खनाल
अध्यक्ष

संस्थाका अध्यक्ष सिए. महेश खनालले कार्यक्रममा शुभारम्भ मन्तव्य दिनुभएको थियो भने आरए. सदस्य क्षमता विकास समितिका सभापति आरए. सूर्य प्रसाद अधिकारी र नेपाल अडिटर्स एसोसिएसनका अध्यक्ष मोहनराज रेग्मीले कार्यक्रम आयोजना गर्नुको उद्देश्य एवं महत्वबारे प्रकाशपार्नु भएको थियो। उहाँहरूले सदस्यको क्षमता अभिबृद्धि भएमामात्र लेखापरीक्षणको गुणस्तरमा सुधार आउने धारणा राख्नुभएको थियो।

कार्यक्रम आठ सत्रमा संचालन गरिएको थियो। प्रतिदिन चार सत्रमा संचालित उक्त क्षमता अभिबृद्धि तालिम कार्यक्रममा सिए. चन्द्रकान्त भण्डारी, सिए. अमन उप्रेति, सिए. जितेन्द्र कुमार मिश्र र सिए. नन्द किशोर शर्माले श्रोत व्यक्तिको रूपमा तालिम प्रदान गर्नु भएको थियो। तालिम कार्यक्रममा निम्न शीर्षकहरूको बारेमा जानकारी प्रदान गरिएको थियो।

| Session | Topic | Session | Topic |
|---|---|---|---|
| 1 | Audit and its Acceptance | 5 | Audit Conclusion and Report |
| 2 | Preparation for Audit | 6 | Types of Audit Report (Practical Exercises) |
| 3 | Conduct of an Audit | 7 | Audit Quality Control |
| 4 | Audit of Specific Items (Practical Exercises) | 8 | Audit Documentation |

## NFRS Implementation and its Challenges सम्बन्धी कार्यशाला गोष्ठी

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था र डेभलपमेन्ट बैंकर्श एसोसिएसन नेपालको संयुक्त आयोजनामा २०७३ फाल्गुण ११ मा काठमाडौंमा NFRS Implementation and its Challenges विषय उपर कार्यशाला गोष्ठीको संचालन गरियो। डेभलपमेन्ट बैंकर्श एसोसिएसन नेपालका अध्यक्ष श्री कृष्णराज लामिछानेले स्वागत मन्तव्य दिनुभएको थियो भने संस्थाका अध्यक्ष सिए. महेश खनालले कार्यक्रम संचालन गर्नुको उद्देश्य बारेमा प्रकाश पार्नुभएको थियो।




संस्थाका अध्यक्ष सिए. महेश खनाल कार्यक्रममा सम्बोधन गर्नुहुदैं।

कार्यक्रम निम्न अनुसार दुई सत्रमा संचालन गरिएको थियो।

| Session | Topic | Paper Presenter |
|---|---|---|
| 1 | GAP Analysis for NFRS Implementation in Development Banks | CA. LD Mahat |
| 2 | Fair Value Concept, Loan Loss Provision & Impact on Profitability with the implementation of NFRS in Development Banks | CA. Pravin Basnet |

संस्थाका निवर्तमान अध्यक्ष एवं Committee for Implementation of NFRS in Banks and Financial Institutions का सभापति सिए. प्रकाश लम्सालले उपस्थित सबैलाई धन्यवाद ज्ञापन गर्दै कार्यक्रम समापन भएको घोषणा गर्नुभएको थियो।

कार्यशाला गोष्ठीमा कूल ५० जनाको सहभागिता रहेको थियो।

## डेभलपमेन्ट बैंकर्श एसोसिएसनका अधिकारीहरुसंगको बैठक

२०७३ माघ २५ मा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका पदाधिकारीहरूले डेभलपमेन्ट बैंकर्श एसोसिएसनका अधिकारीहरूसंग विकास बैंकहरूमा यसै वर्षदेखि लागु भएको एन. एफ. आर. एस.को कार्यान्वयनका सम्बन्धमा बसेको बैठकमा छलफल गरेको थियो । बैठकका सहभागीहरू वीच विकास बैंकमा एन. एफ. आर. एस. लागु गर्दा प्राप्त हुने अवसर र चुनौतिका सम्बन्धमा बिस्तृत छलफल भएको थियो ।

बैठकमा संस्थाको तर्फबाट अध्यक्ष सिए. महेश खनाल, उपाध्यक्ष सिए. प्रकाशजंग थापा, निवर्तमान अध्यक्ष एवं Committee for Implementation of NFRS- Bank & Financial Institutions का सभापति सिए. प्रकाश लम्साल, सह निर्देशक विनोद न्यौपाने र डेभलपमेन्ट बैंकर्श एसोसिएसनका सभापति कृष्णराज लामिछाने लगायत डेभलपमेन्ट बैंकर्श एसोसिएसनका अन्य पदाधिकारीहरूको सहभागिता रहेको थियो ।

## चार्टर्ड एकाउन्टेन्टहरुको प्रथम दीक्षान्त समारोह

संस्थाले २०७३ माघ १८ मा नेपाल प्रज्ञा प्रतिस्ठान काठमाडौंमा संस्थाबाट चार्टर्ड एकाउन्टेन्टको योग्यता प्राप्त गर्ने चार्टर्ड एकाउन्टेन्टहरूलाई संस्थाको इतिहासमा पहिलो पटक चार्टर्ड एकाउन्टेन्ट्स दीक्षान्त समारोहको आयोजना गरी दीक्षित गरियो । समारोहमा संस्थाबाट चार्टर्ड एकाउन्टेन्टको योग्यता प्राप्त गर्ने सदस्यहरूलाई चार्टर्ड एकाउन्टेन्टको डिग्री प्रदान गरिएको थियो ।




सम्मानीय राष्ट्रपति श्रीमती बिद्यादेवी भण्डारी दीक्षान्त समारोहको उद्घाटन गर्नुहुदैं ।

समारोहमा सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूको समुपस्थिति रहेको थियो । सो समारोहमा माननीय शिक्षामन्त्री श्री धनिराम पौडेल, कार्यबाहक महालेखापरीक्षक श्री सुकदेव भट्टराई खत्री र पोखरा विश्वविद्यालयका उपकुलपति प्रो. चिरञ्जिवी शर्मा उपस्थित हुनुहुन्थ्यो । विशेष अतिथिको रूपमा पाल्नुभएका पोखरा विश्वविद्यालयका उपकुलपति प्रो. चिरञ्जिवी शर्माले प्रमुख बक्ताको रूपमा आफ्नो धारणा राख्नुभएको थियो । संस्थाका अध्यक्ष, उपाध्यक्ष लगायत परिषद्का अन्य सदस्यहरू, पूर्व अध्यक्षहरू, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संघका अध्यक्ष र अडिटर एसोसिएसन नेपालका अध्यक्षको समेत सो समारोहमा उपस्थिति रहेको थियो । स्थापनाकाल देखि संस्थाबाट उत्पादित ३१९ चार्टर्ड एकाउन्टेन्टहरू मध्ये १३४ चार्टर्ड एकाउन्टेन्टहरू उक्त दीक्षान्त समारोहमा दीक्षित भएका थिए ।



सम्माननीय राष्ट्रपति श्रीमती बिद्यादेवी भण्डारीका साथ दीक्षित सिएहरू ।

कार्यक्रमको शुभारम्भ सम्मानीय राष्ट्रपति ज्यूको मन्तव्यबाट भएको थियो । उहाँले संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी उत्तीर्ण गर्ने सबैलाई सफलताको लागि बधाई दिनुभएको थियो ।

संस्थाका अध्यक्षले समारोहमा दीक्षित हुने चार्टर्ड एकाउन्टेन्टहरूलाई सपथ गराउनुभएको थियो । उक्त समारोहमा संस्थाका उपाध्यक्ष सिए. प्रकाशजंग थापाले उपस्थित सबैलाई धन्यबाद ज्ञापन गर्नुभई समारोहको औपचारिक समापन भएको घोषणा गर्नुभएको थियो ।

## Conference on Accountability for Nation Building

नेपाल चार्टर्ड संस्थाले काठमाडौंमा २०७३ माघ १७ मा संस्थाको २०औं वार्षिक उत्सवको उपलक्ष्यमा Accountability for Nation Building विषयमा सम्मेलनको आयोजना गर्‍यो । सो सम्मेलन Implementation of Nepal Public Sector Accounting Standards (NPSAS) & Role of ICAN, Role and Responsibility of Quality Assurance Board, Impact of Demonetization of Indian Currencies in Nepal and BAFIA in Current Perspectives विषयहरूमाथि केन्द्रित रहेको थियो ।




कन्फरेन्सको पहिलो सत्रको एक दृष्य ।

सम्मेलनमा विज्ञहरूबाट ४ प्राविधिक पत्रहरू प्रस्तुत गरिएका थिए । यो सम्मेलनको आयोजना प्रमुखरूपमा संस्थाका सदस्यहरू, सरकारी अधिकारीहरू, कर्पोरेट क्षेत्रका कार्यकारिणीहरू, नियमनकारी निकायहरूका प्रतिनिधि लगायत अन्य इच्छुकका लागि केन्द्रित गरी संचालन गरिएको थियो ।

कार्यक्रमको शुरूवात संस्थाका अध्यक्ष सिए. महेश खनालले सहभागीहरूलाई स्वागत गर्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो ।

सम्मेलनका विभिन्न प्रविधिक सत्रका सभापति, टिप्पणीकार र पेपर प्रस्तोता निम्न अनुसार रहनुभएको थियो ।

| Session | Topic | Chairman | Commentator | Paper Presenter |
|---|---|---|---|---|
| 1 | Implementation of NPSAS & Role of ICAN | Mr. Rajendra Prasad Nepal, Financial Comptroller General of Nepal | CA. Mahesh Khanal, President, ICAN | Mr. Hem Raj Paudel, Deputy Financial Comptroller General, Nepal |
| 2 | Role and Responsibility of Quality Assurance Board | CA. Prakash Lamsal, Immediate Past President , ICAN | | Mr. Ramesh Raj Satyal, Chairman, Quality Assurance Board, ICAN |
| 3 | Impact of Demonetization of Indian Currencies in Nepal | CA. Chinta Mani Siwakoti, Deputy Governor, NRB | | Mr. Bhisma Raj Dhungana, Executive Director, NRB |
| 4 | BAFIA in Current Perspectives | CA. Sudarshan Raj Pandey, Past President, ICAN | | CA. Shiva Nath Pandey, Former Executive Director, NRB |

सम्मेलनमा विभिन्न क्षेत्रसंग आवद्ध कूल ११० जनाले सहभागिता जनाउनु भएको थियो ।

## संस्थाको २० औं वार्षिक उत्सव सम्पन्न

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले १७ माघ २०७३ मा आफ्नो स्थापनाको २० औं वार्षिकउत्सव भव्यताकासाथ मनायो । कार्यक्रममा प्रमुख अतिथि कार्यबाहक महालेखापरीक्षक श्री सुकदेव भट्टराई खत्री रहनुभएको थियो । कार्यक्रममा संस्थाका पूर्व अध्यक्षहरू, वर्तमान परिषद्का अध्यक्ष, उपाध्यक्ष लगायत अन्य सदस्यहरू, संस्थाका विभिन्न समितिका सभापति एवं सदस्यहरूका साथै संस्थाका कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

संस्थाका अध्यक्ष सिए. महेश खनालले प्रमुख अतिथि तथा विशेष अतिथिहरूलाई फूलको गुच्चा सहित स्वागत गर्नु भएको थियो । कार्यक्रममा प्रमुख अतिथिले द्वीप प्रज्वलन गरी कार्यक्रमको औपचारिक शुभारम्भ गर्नुभएको थियो ।



प्रमुख अतिथि श्री सुकदेव भट्टराई खत्री कार्यक्रमको उद्घाटन गर्नुहुँदै ।

संस्थाका अध्यक्ष सिए. महेश खनालले कार्यक्रममा प्रमुख अतिथि, विशेष अतिथि लगायत सम्पूर्ण उपस्थित महानुभावहरूका समक्ष संस्थाको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । उहाँले आफ्नो कार्यकालमा गरेका र आगामी कार्यहरूको विवरण समेत प्रस्तुत गर्नुभएको थियो । अध्यक्षले सबै सरोकारवालाहरूलाई संस्थाको विकासमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा पुऱ्याउनु भएको योगदानको निमित्त धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

उहाँले व्यावसायिक लेखापालकहरूलाई समाज तथा राष्ट्रको जनचाहना पूरा गर्न र ऐन, नियम, निर्देशनहरू, आचार संहिताले निर्दिष्ट गरेका विषयहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न ध्यानाकर्षण गराउनु भएको थियो ।

त्यसैगरी, कार्यक्रमका प्रमुख अतिथिज्यूले पदककोष संस्थापकहरूको उपस्थितिमा डिसेम्वर २०१५ र जून २०१६ मा संस्थावाट संचालित चार्टर्ड एकाउन्टेन्सी परीक्षाकोविभिन्न तहमा उत्कृष्ट नतीजा प्राप्त गर्ने विद्यार्थीहरूलाई



संस्थाका अध्यक्ष तथा उपाध्यक्षका साथ उत्कृष्ट विद्यार्थीहरू ।

KB Chitracar Gold Medal, BK Agrawal Gold Medal, Prakash Jung Thapa Gold Medal, Dr. Govinda Ram Agrawal Gold Medal, Narayan Bajaj Silver Medal, Shivaman Singh and Chandra Bhandary Silver Medal and Narendra Vashishtha Gold Medal सहित प्रमाणपत्र प्रदान गर्नुभएको थियो ।

सो समारोहमा संस्थाका तेश्रो परिषद्का अध्यक्षहरूलाई वहाँहरूले संस्था तथा लेखा क्षेत्रमा पुऱ्याएको महत्वपूर्ण योगदानको कदर स्वरूप सम्मान पत्र सहित दोसल्ला ओडाई सम्मान गरियो ।

सोही कार्यक्रममा प्रमुख अतिथिज्यूले संस्थामा उत्कृष्ट काम गर्ने संस्थाका कर्मचारीहरूलाई समेत नगद तथा प्रमाणपत्र सहित पुरस्कृत गर्नुभएको थियो । पुरस्कृत हुने कर्मचारीहरूमा सूचना प्रविधि विभागका प्रमुख श्री बसन्त कृष्ण लोकेश्वर रंजितकार, प्रशासन विभागका अधिकृत श्री विपिन राज तिवारी र सोही विभागका अर्का कर्मचारी श्री शिव भट्टराई रहनुभएको थियो ।

कार्यक्रममा डिसेम्बर २०१५ नेपाल चार्टर्ड एकाउन्टेन्ट जर्नलमा प्रकाशित संस्थाका सदस्य सिए. मुकुन्द पोखरेलको लेख "Dimension of Digital Signature" लाई उत्कृष्ट लेखको प्रमाणपत्र प्रदान गरिएको थियो ।

त्यसैगरी, प्रमुख अतिथिले संस्थाले गरेको प्रगतिको प्रशंसा गर्दै संस्थाले गर्न बाँकी कामका साथै नियमनकारी निकायको हैसियतमा गर्नुपर्ने कामलाई अझ सशक्त रूपमा अगाडि बढाउन सुझाउ दिनु भयो । महालेखापरीक्षकको कार्यालय सदैव संस्थाको विकासको निमित्त सहयोग गर्न तत्पर रहेको आश्वासन समेत दिनुभएको थियो ।

कार्यक्रमको समापन गर्नु पूर्व संस्थाका अध्यक्षले विशेष अतिथिहरूलाई मायाको चिनो प्रदान गर्नुभएको थियो ।

कार्यक्रमको अन्तमा संस्थाका उपाध्यक्ष सिए. प्रकाशजंग थापाले कार्यक्रमका प्रमुख अतिथि तथा विशेष अतिथि लगायत सबै सहभागीहरूलाई धन्यबाद ज्ञापन गर्दै कार्यक्रमको समापन गर्नुभएको थियो ।

## लेखामान, लेखापरीक्षणमान र कर सम्बन्धी कार्यशाला गोष्ठी

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था र पोखरा विश्वबिद्यालय व्यवस्थापन संकायको संयुक्त आयोजनामा काठमाडौंमा २०७३ माघ ३ र ४ मा लेखामान, लेखापरीक्षणमान र कर सम्बन्धी दुई दिनको कार्यशाला गोष्ठीको संचालन भएको थियो । सो कार्यक्रम पाँच प्राविधिक सत्रमा संचालन गरियो । कार्यक्रम निम्न अनुसार संचालन भएको थियो ।

| Session | Topic | Resource Person | |
|---|---|---|---|
| 1 | Introduction of International Financial Reporting Standards & Its Development-Global & Nepalese Perspectives | CA. Narendra Bhattarai, Past President, ICAN & Chairman, ASB | |
| 2 | Conceptual Framework & Brief about Key Reporting Standards, including Presentation of Financial Statements | CA. Mukunda Dev Adhikari, Member, ASB | |
| 3 | Application of Accounting Standards in University / Colleges: Prospects and Challenges | CA. Nanda Kishor Sharma, Past Chairman, AuSB | Open Floor Discussion |
| 4 | Direct and Indirect Tax in Nepal (Specially, Income from Remuneration, Income from Business and Income from Investment and VAT) | CA. Sudarshan Raj Pandey, Past President, ICAN | |
| 5 | Introduction of International Auditing & Assurance Standards & its Development-Global & Nepalese Perspectives | CA. Sunir Kumar Dhungel, Past President, ICAN & Chairman, AUSB | |

पोखरा विश्वविद्यालयसंग आवद्ध रहेका कूल ३२ जनाले कार्यशाला गोष्ठीमा सहभागिता जनाएका थिए ।

संस्थाका उपाध्यक्ष सिए. प्रकाशजंग थापाले सम्मेलनका सहभागीहरूलाई धन्यवाद ज्ञापन गर्नुहुँदै कार्यक्रम समापन भएको घोषणा गर्नुभएको थियो ।

## लेखापरीक्षण ऐन संशोधन सम्बन्धी अन्तरक्रिया कार्यक्रम

महालेखापरीक्षकको कार्यालय र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको संयुक्त पहलमा २०७३ पौष २१ गते संस्थाको तालिम कक्षमा लेखापरीक्षण ऐन, २०४८को दफा ४ (पहिलो संशोधन)मा भएको संशोधनको बारेमा आधा दिनको अन्तरक्रिया कार्यक्रम संचालन गरियो । सो अन्तरक्रिया कार्यक्रममा संस्थाका अध्यक्ष सिए. महेश खनालले सहभागीहरूलाई स्वागत गर्नु हुँदै कार्यक्रम संचालन गर्नुको उद्देश्यमाथि प्रकाश पार्नु भएको थियो । सो कार्यक्रममा महालेखापरीक्षकको कार्यालयका नायव महालेखापरीक्षक श्री जीवन प्रसाद सुवेदी र निर्देशक सिए. कमल प्रसाद सिलवालले संयुक्त रूपमा लेखापरीक्षण ऐनको दफा ४मा भएको संशोधन सम्बन्धी कार्यपत्र पेश गर्नुभएको थियो ।

## निमित्त कार्यकारी निर्देशक

संस्थाले अर्को व्यवस्था नभएसम्मका लागि २०७४ वैशाख १ देखि लागुहुने गरी संस्थाको सदस्य सेवा तथा व्यावसायिक विकास बिभागमा कार्यरत सह निर्देशक श्री विनोद प्रसाद न्यौपानेलाई निमित्त कार्यकारी निर्देशक तोकेको छ ।

# विद्यार्थी सम्बन्धी गतिविधि

## व्यवस्थापन तथा संचार सीप तालिम

संस्थाले CAP III र लेखाप्राविधिज्ञ तहको परीक्षा उत्तीर्ण गरेका र CAP III तहमा दुवै समूहको परीक्षामा सामेल भएका विद्यार्थीहरूको क्षमता अभिवृद्धि गर्ने प्रयोजनको लागि संस्थाको भवनमा १४ मार्च देखि २८ मार्च, २०१७ सम्म एघारौं व्याचको व्यवस्थापन तथा संचार सीप तालिम संचालन गऱ्यो । चार्टर्ड एकाउन्टेन्सी कोर्ष पूरा गरी संस्थाको चार्टर्ड एकाउन्टेन्टको सदस्यता लिन र लेखा प्राविधिज्ञको अनुमतिपत्र प्राप्त गर्न चाहनेहरूले यो तालिम अनिवार्य रूपमा लिनुपर्ने व्यवस्था छ ।



जिएमसिएस तालिम कार्यक्रमका सहभागीहरूको सामूहिक तस्वीर ।

तालिमको माध्यमबाट विद्यार्थीहरूले लिखित तथा मौखिक संचार सीपका साथै सामान्य व्यवस्थापनका पक्ष बारेमा समेत जानकारी प्राप्त गर्ने गरेका छन् । यो तालिमबाट ती विद्यार्थीहरूलाई विभिन्न क्षेत्रमा रोजगारीको थप अवसरहरू प्राप्त गर्न सहयोग पुग्ने गरेको छ ।

तालिम निम्न चरणमा संचालन गरिएको थियो ।

| Date | 14-20 March, 2017 | 21-24 March, 2017 | 25-27 March, 2017 |
|---|---|---|---|
| Program | Class room training and practical | Research and Project work | Presentation of research and Project work |

उक्त तालिममा ६० जना सिए. विद्यार्थी तथा ५ जना लेखाप्राविधिज्ञ कोर्ष अध्ययन गर्ने विद्यार्थी गरी जम्मा ६५ जनाको सहभागिता रहेको थियो ।

## लेखाप्रविधिज्ञ परीक्षा

लेखाप्राविधिज्ञको परीक्षा १४ देखि १७ मार्च, २०१७ सम्म सातदोबाटो स्थित संस्थाको केन्द्रीय कार्यालयमा संचालन भएको थियो । लेखाप्राविधिज्ञ कोर्ष गर्ने ८ जना चारवटा विषयको परीक्षामा सामेल भएका थिए । परीक्षा तालिका एवं परीक्षार्थी संख्या निम्न अनुसार रहेको थियो ।

| Subject(s) | Advanced A/c & Management A/c | Audit & Assurance | Corporate & Other Laws | Tax Laws |
|---|---|---|---|---|
| Date | 2017/03/14 | 2017/03/15 | 2017/03/16 | 2017/03/17 |
| Total Applicants | 8 | 8 | 8 | 8 |
| Total Appeared | 8 | 8 | 8 | 8 |

## चार्टर्ड एकाउन्टेन्ट सदस्यता परीक्षा (डिसेम्बर २०१६) को नतिजा

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ अनुसार संस्थाले डिसेम्बर २०१६ को चार्टर्ड चार्टर्ड एकाउन्टेन्सी सदस्यताको अन्तिम परीक्षाको नतिजा मिति २०७३ फाल्गुण ४ गते प्रकाशित गरेको छ । नतिजा अनुसार सदस्यता परीक्षामा १९१ परीक्षार्थी मध्ये ५३ जना उत्तीर्ण भएका छन् । कुल २२७ जनाले परीक्षाको निमित्त आवेदन दिएका थिए । परीक्षामा उत्तीर्ण हुनेहरूले संस्थाले तोकेको अन्य आवश्यक प्रकृया पूरा गरी संस्थाको सदस्यता लिन सक्ने छन् ।

## चार्टर्ड एकाउन्टेन्ट परीक्षा (डिसेम्बर २०१६) को नतिजा

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ अनुसार संस्थाले डिसेम्बर २०१६ मा लिएको चार्टर्ड एकाउन्टेन्सी कोर्ष अन्तर्गतको CAP I, CAP II , CAP III तहको अन्तिम परीक्षाको नतिजा मिति २०७३ फाल्गुण ४ गते प्रकाशित गरेको छ । परीक्षाको नतिजा अनुसार CAP I का ५७६ मध्ये ४४२ जनाले CAP II मा नाम दर्ता गर्न, CAP II का १४४६ मध्ये १७० ले CAP III मा नाम दर्ता गर्न र CAP III का ४७८ मध्ये ५१ जनाले संस्थाले तोकेको अन्य आवश्यक प्रकृया पूरा गरी संस्थाको सदस्यता लिन सक्ने छन् । १ डिसेम्बर २०१६ देखि संचालित उक्त परीक्षामा सम्मिलित परीक्षार्थीहरूको तहगत नतिजा निम्न बमोजिम रहेको छ ।

| S. No. | Level | Description | Both Group | First Group | Second Group | Total |
|---|---|---|---|---|---|---|
| 1 | CAP I | Total Appeared | - | - | - | 576 |
| | | Pass in Exam | - | - | - | 442 |
| 2 | CAP II | Total Appeared | 884 | 351 | 211 | 1446 |
| | | Pass in Exam | 108 | 149 | 46 | 303 |
| 3 | CAP III | Total Appeared | 189 | 195 | 94 | 478 |
| | | Pass in Exam | 12 | 53 | 47 | 112 |

## विद्यार्थी भर्ना स्थिति

संस्थामा सिए. अध्ययन गर्न चाहने युवा विद्यार्थीहरूको भर्नामा भएको क्रमिक बृद्धिले संस्थाले प्रदान गर्दै आएको गुणस्तरलाई थप बल पुगेको छ । चार्टर्ड एकाउन्टेन्टहरूको बढ्दो मागको साथै यस शिक्षाप्रति विद्यार्थीहरूको चाहना बढेको देखिन्छ । जनवरी १ देखि मार्च २०१७ को अन्तसम्ममा संस्थामा कूल ६०६ जनाले चार्टर्ड एकाउन्टेसी कोर्ष अध्ययनको लागि नाम दर्ता गराएका छन् ।

## हलटेष्ट संचालन

संस्थाले जनवरी २०१७ देखि मार्च २०१७ सम्ममा CAP II तथा CAP III तहका कूल १२ हलटेष्ट संचालन गऱ्यो । सम्बन्धित तहको फाईनल परीक्षामा सहभागी हुनको लागि CAP II तथा CAP III तहका बिद्यार्थीहरूलाई हलटेष्ट उत्तीर्ण गर्नुपर्ने अनिवार्य व्यवस्था छ । तीन महिनाको अवधिमा संचालित १२ हलटेष्ट अन्तर्गत कुनै न कुनै विषय गरी कुल २३८४ बिद्यार्थीहरूले परीक्षा दिएका थिए ।

## एक वर्षे प्रशिक्षण

जनवरी २०१७ देखि मार्च २०१७ सम्मको अवधिमा विदेशी लेखाव्यवसायी संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी कोर्ष पूरागर्ने जम्मा २८ जनाले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली २०६१को नियम ४१ (क) बमोजिम एक वर्षको प्रशिक्षणको लागि संस्थामा आफ्नो नाम दर्ता गराएका हुन् ।

### करीयर काउन्सलिङ्ग

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले चार्टर्ड एकाउन्टेन्सी शिक्षा सम्बन्धी विविध पक्ष बारेमा चार्टर्ड एकाउन्टेन्सी अध्ययन गर्न इच्छुक विद्यार्थीहरूलाई जानकारी गराउने उद्देश्यले उपत्यका र उपत्यका बाहिर वीरगंज र बिराटनगरमा विभिन्न मितिमा करीयर काउन्सलिङ्ग कार्यक्रम संचालन गऱ्यो । कार्यक्रम अवधिमा चार्टर्ड एकाउन्टेन्ट सम्बन्धी विविध पक्षहरू जस्तै चार्टर्ड एकाउन्टेन्सी शिक्षा प्राप्त गरेपछि भविष्यमा संभावित बृत्ति विकासका अवसरका साथै चार्टर्ड एकाउन्टेन्सी अध्ययन गर्नको निमित्त आवश्यक शैक्षिक योग्यता एवं आवश्यक प्रकृया आदिका सम्बन्धमा जानकारी गराएको थियो । संस्थाका अधिकारीहरूद्वारा जनवरी २०१७ देखि मार्च २०१७ सम्मको अवधिमा संचालित कार्यक्रममा उपत्यकामा करीव २५०० र उपत्यका बाहिर २०० जना गरि २७०० जनाले चार्टर्ड एकाउन्टेन्सी शिक्षा वारेमा जानकारी लिएका थिए ।

## सदस्य सम्बन्धी गतिविधि

### संस्थामा नयाँ दर्ता चार्टर्ड एकाउन्टेन्ट सदस्यहरुको नामावली

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को दफा १६(२) बमोजिम जनवरी २०१७ देखि मार्च २०१७ को अन्तसम्ममा संस्थामा नयाँ दर्ता भएका १६ जना चार्टर्ड एकाउन्टेन्ट सदस्यहरूको नामावली निम्न अनुसार रहेको छ ।

| S.N. | Mem. No | Member Name | S.N. | Mem. No | Member Name |
|---|---|---|---|---|---|
| 1 | 1049 | NAVIN UPADHAYAY | 9 | 1057 | RANJITA NEPAL |
| 2 | 1050 | DEEPAK GAUTAM | 10 | 1058 | UMANG SHARMA NIROULA |
| 3 | 1051 | UJJWAL KHANAL | 11 | 1059 | RUPESH BISTA |
| 4 | 1052 | LOMASH JAYANA | 12 | 1060 | SHUDARSHAN KHANAL |
| 5 | 1053 | ASMITA DHAKAL | 13 | 1061 | SHRAMIKA MAINALI |
| 6 | 1054 | PAWAN BUDHATHOKI | 14 | 1062 | PRAKASH K.C. |
| 7 | 1055 | NITESH TODI | 15 | 1063 | SRIJANA GAUTAM |
| 8 | 1056 | CHAKRA BAHADUR BUDHAZ | 16 | 1064 | PRAKASH BHURTEL |

### वर्गबृद्धिको नतिजा प्रकाशित

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को दफा ३० (ख) र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ को नियम ५४ को उपनियम (२) र (३) बमोजिम संस्थाले वर्गबृद्धिको नतिजा 10 March, 2017 मा प्रकाशित गरेको छ। नतिजा अनुसार देहायका १२ दर्तावाला लेखापरीक्षक सदस्यहरूको बर्गबृद्धि गरिएको छ ।

| Membership No | Name of the Member | Class | Membership No | Name of the Member | Class |
|---|---|---|---|---|---|
| 3401 | RA. Rajan Thapa | C-B | 5990 | RA. Bimal Adhikari | C-B |
| 3513 | RA. Som Nath Adhikari | C-B | 6081 | RA. Kumar Prasad Khatiwada | C-B |
| 5024 | RA. Rajesh Kumar Dutta | C-B | 6089 | RA. Prem Prasad Sapkota | C-B |
| 5062 | RA. Sushil Kumar Pokharel | C-B | 6127 | RA. Harindra Raj Ghimire | C-B |
| 5247 | RA. Surendra Dev Shrestha | C-B | 6154 | RA. Bhimsen Kumar Gautam | C-B |
| 5590 | RA. Thaman Adhikari | C-B | 2470 | RA. Chandra Bahadur Subedi | D-C |

## अन्तर्राष्ट्रिय गतिविधि

### साफा बोर्ड, कमिटि र क्षेत्रीय सम्मेलन

The Institute of Chartered Accountants of Bangladesh ले आयोजना गरेको सार्क स्तरीय बोर्ड बैठक, कमिटी बैठकहरू र क्षेत्रीय सम्मेलन २०१७ मा संस्थाको ६ सदस्यीय टोलीले भाग लियो । उक्त टोलीमा पार्षदहरू सिए. भरत रिजाल, आरए. यादव प्रसाद न्यौपाने र मुकुन्द राज पन्थी रहनुभएको थियो । त्यसैगरी, अन्य सहभागीहरूमा साफाका उपाध्यक्ष एवं पूर्व अध्यक्ष सिए. सुवोध कुमार कर्ण, SAFA Committee on Harmonization of Fiscal an Tariff Regimes का सदस्य एवं संस्थाका पूर्व अध्यक्ष सिए. मधु विर पाण्डे, Committee on Professional Ethics and Independence का सदस्य एवं संस्थाका पूर्व अध्यक्ष सिए. सुनिर कुमार ढुङ्गेल रहनुभएको थियो ।

---

## नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको सूचना

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ को नियम ५५ (१) मा भएको व्यवस्था अनुसार पेशागत प्रमाणपत्र नलिएका सदस्यहरूले पनि आ.व २०७३/७४ बाट सदस्यता नवीकरण गर्दा कम्तीमा ८ सी.पी.ई क्रेडिट आवर लिनुपर्ने परिषद्को निर्णय भएकोले सोही अनुसार सी.पी.ई क्रेडिट आवर पूरा गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था**
सातदोबाटो, ललितपुर

टिकट

प्रकाशक : सम्पादन समिति
नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL
(Established under the Nepal Chartered Accountants Act, 1997)
सातदोबाटो, ललितपुर पो. ब. नं. ५२८९ (काठमाडौं), फोन: ०१-५५३०८३२ ५५३०७३०
फ्याक्स: ००९७७ १ ५५५०७७४, इमेल: ican@ntc.net.np, वेवसाइट: www.ican.org.np
शाखाहरू: विराटनगर, बुटवल, वीरगञ्ज, पोखरा, नेपालगञ्ज